बीमकलाई सूचीकृत हुन आव्हान गर्ने सम्बन्धी गोरखापत्र दैनिकमा प्रकाशित संक्षिप्त सूचना

www.gorkhapatraonline.com

गोरखापत्र

२ | २०७८ साल वैशाख ३१ गते शुक्रबार
2021 May 14 Friday

राष्ट्रिय

प्रदेश सरकार

**भौतिक पूर्वाधार विकास मन्त्रालय**

बागमती प्रदेश, हेटौंडा

## बीमकलाई सूचीकृत हुन आउने सम्बन्धी सूचना

**(प्रथमपटक प्रकाशित मिति : २०७८/०१/३१)**

प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को परिच्छेद-८ बमोजिम बीमा गराएर मात्र प्रदान गर्नुपर्ने सेवाहरूका लागि यस मन्त्रालयले विकास गरेको यातायात व्यवस्थापन सूचना प्रणालीमा आबद्ध भई सेवा दिन इच्छुक बीमा कम्पनीहरूलाई यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिनभित्र विस्तृत सूचनामा उल्लिखित ढाँचामा आवश्यक कागजात सहित सूचीकृत हुनका लागि निवेदन पेस गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ। यस सम्बन्धी विस्तृत सूचना र विवरण यस मन्त्रालयको वेवसाइट (mopid.bagamati.gov.np) बाट प्राप्त गर्न सकिनेछ।

**सचिव**

प्रदेश सरकार

# भौतिक पूर्वाधार विकास मन्त्रालय

## बागमती प्रदेश, हेटौंडा

## बीमकलाई सूचीकृत हुन आव्हान गर्ने सम्बन्धी सूचना (विस्तृत)

यातायात व्यवस्था कार्यालयहरु/यातायात व्यवस्था सेवा कार्यालयहरुबाट प्रवाह हुने सेवाहरु यस मन्त्रालयले तयार गरेको सूचना प्रणाली मार्फत सञ्चालन गर्न लागिएकोले प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को परिच्छेद-८ बमोजिम बीमा गराएर मात्र प्रदान गर्नुपर्ने सेवाहरुको लागि उक्त प्रणालीमा आबद्ध भई सेवा दिन इच्छुक बीमा कम्पनीहरुलाई यो सूचना प्रकाशन भएको मितिले ७ (सात) दिन भित्र विद्युतीय माध्यमबाट यातायात क्षेत्रको राजस्व भुक्तानी नियमावली, २०७८ को अनुसूची-४ बमोजिमको ढाँचामा आवश्यक कागजातसहित सूचीकृत हुन मन्त्रालयको इमेल ठेगाना mopid@bagamati.gov.np मा इमेल मार्फत् निवेदन पेश गर्नुहुन यो सूचना प्रकाशन गरिएको छ ।

<u>आवश्यक कागजातहरु:</u>

१. बीमा समितिबाट बीमा व्यवसाय गर्न जारी भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
२. फर्म/कम्पनी/संस्थाको दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
३. कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
४. मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
५. सूचना प्रणालीमा आबद्ध हुने सम्बन्धी सञ्चालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि ।

सचिव

मितिः ..............................

श्री भौतिक पूर्वाधार विकास मन्त्रालय,
बागमती प्रदेश, हेटौंडा, मकवानपुर ।

विषयः **सूचीकृत हुन पाऊँ भन्ने बारे ।**

यातायात व्यवस्था कार्यालयहरु/यातायात व्यवस्था सेवा कार्यालयहरुबाट प्रवाह हुने सेवाहरु मध्ये प्रदेश सवारी तथा यातायात व्यवस्था ऐन, २०७५ को परिच्छेद ८ बमोजिम बीमा गराएर मात्र प्रदान गर्नुपर्ने सेवाहरुको लागि तहाँ मन्त्रालयबाट तयार गरिएको यातायात व्यवस्था सूचना प्रणालीमा आबद्ध भई बीमा सम्बन्धी कार्य गर्न इच्छुक भएकोले मिति २०७८/०१/३१ को गोरखापत्र राष्ट्रिय दैनिकमा प्रकाशित सूचना अनुसार सूचीकृत हुन आवश्यक सम्पूर्ण कागजातहरु यसैसाथ संलग्न राखी यो निवेदन पेश गरेको/गरेका छु/छौं ।

साथै सो सूचना प्रणालीमा आबद्ध भई कार्य गर्नको लागि लाग्ने सम्पूर्ण खर्च यस फर्म/कम्पनी/संस्थाले व्यहोर्न मञ्जुर छ ।

<u>संलग्न कागजातहरुः</u>

१. बीमा समितिबाट बीमा व्यवसाय गर्न जारी भएको प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
२. फर्म/कम्पनी/संस्थाको दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
३. कर चुक्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
४. मूल्य अभिवृद्धि कर दर्ता प्रमाणपत्रको प्रमाणित प्रतिलिपि ।
५. सूचना प्रणालीमा आबद्ध हुने सम्बन्धी सञ्चालक समितिको निर्णयको प्रमाणित प्रतिलिपि ।

<u>निवेदक</u>
आधिकारिक व्यक्तिको दस्तखत
फर्म/कम्पनी/संस्थाको नाम
ठेगाना
सम्पर्क नं.
ईमेलः